**मध्यपश्चिमाञ्चल विश्वविद्यालय**

परीक्षा व्यवस्थापन कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

## मौका परीक्षा आवेदन फारम भर्ने सूचना

(मिति २०७७/१०/२०)

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, परीक्षा व्यवस्थापन कार्यालयद्वारा निम्नानुसार संकाय अन्तर्गत स्नातक र स्नातकोत्तर तहका निम्न सेमेस्टरको लागि लिइने मौका परीक्षाको परीक्षा फारम खुलाइएको छ । सम्वन्धित विद्यार्थीहरुले आफू अध्ययन गरेको क्याम्पसमा आफ्नो परीक्षा फारम भरी वुझाउनुहोला ।

| संकाय | तह | विशिष्टिकरण | सेमेस्टर |
|---|---|---|---|
| मानविकी र सामाजिकशास्त्र संकाय | स्नातकोत्तर | M.A. | दोस्रो |
| | स्नातक | B.A. | दोस्रो, चौथो, छैठौं र सातौं |
| व्यवस्थापन | स्नातकोत्तर | M.B.S./M.B.A. | दोस्रो |
| | स्नातक | BBS/BBA | दोस्रो, चौथो, छैठौं र सातौं |
| शिक्षाशास्त्र संकाय | स्नातकोत्तर | M.Ed. | दोस्रो |
| | स्नातक | B.Ed. | दोस्रो, चौथो, छैठौं र सातौं |
| विज्ञान तथा प्रविधि संकाय | स्नातक | BSc, BSc.CSIT | दोस्रो, चौथो, छैठौं र सातौं |
| इन्जिनियरिङ्ग संकाय | स्नातक | BE.(Civil), BE.(Computer), BE.(Hydropower) | दोस्रो, चौथो, छैठौं र सातौं |

**पुनश्चः**

१) मौका परीक्षामा स्नातक तह तर्फ सन २०१६ मा भर्ना भएका विद्यार्थीहरुको लागि छैठौं र सातौं सेमेस्टर, सन २०१७ मा भर्ना भएका विद्यार्थीहरुको लागि चौथो सेमेस्टर र सन २०१८ मा भर्ना भएका विद्यार्थीहरुले दोस्रो सेमेस्टर साथै स्नातकोत्तर तह तर्फ सन् २०१९ मा भर्ना भएका विद्यार्थीहरुले  दोस्रो सेमेस्टरको लागि मात्र परीक्षा फारम भर्न सक्नेछन् ।

२) परीक्षा फारम मिति २०७७ माघ २० गते देखि फाल्गुण ०४ गते सम्म नियमित शुल्क र २०७७ फाल्गुण ६ गते सम्म अतिरिक्त शुल्क तिरी भर्नु पर्ने छ ।

३) सम्वन्धित क्याम्पसले मिति २०७७ फाल्गुण १० गते साँझ ५:०० बजे  सम्म परीक्षा फारम परीक्षा व्यवस्थापन कार्यालयमा वुझाइसक्नु पर्ने छ ।

४) म्याद नाघि आएका र रीत पूर्वक नभएका फारमहरु स्वीकृत गर्न परीक्षा व्यवस्थापन कार्यालय बाध्य हुने छैन ।

५) परीक्षा फारम पठाउदा परीक्षा फारम बमोजिमको विषय अनुसार छुट्टा छुट्टै वर्णानुक्रम अनुसार विद्यार्थी विवरण र निजहरुले परीक्षा दिने विषयमा स्पष्ट हुने गरी छुट्टै विवरण ई-कपी समेत संलग्न गरी पठाउनु पर्ने छ ।

६) परीक्षा आवेदन फारममा रहेको दुईवटा फोटो मध्य पहिलो फोटोमा मात्र क्याम्पस प्रमुखले  फोटो र फारममा पर्ने गरी दस्तखत गर्नुपर्ने छ ।

७) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा वा विगारेमा क्याम्पस प्रमुखको सिफारिसमा परीक्षा संचालन हुनुभन्दा कम्तिमा ३ दिन अघि प्रति विषय रु. ४००/- ( अक्षरुपी चारसय मात्र ) शुल्क तिरी परीक्षा व्यवस्थापन कार्यालय बाट आवश्यक संशोधन गर्न सकिने छ ।

८) हालसम्म रजिष्ट्रेशन फारम नभरेका विद्यार्थीहरुको परीक्षा फारम स्वीकृत गरिने छैन । यदि नभरेका भए परीक्षा फारम सँगै रजिष्ट्रेशन फारम अनिवार्य बुझाउनुपर्ने छ ।

९) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फारममा  कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन ।

१०) सम्वन्धित सेमेस्टरमा **Expelled** भएका विद्यार्थीहरुले मौका परीक्षाको परीक्षा फारम भर्न पाउने छैनन् ।

२०७७/१०/२०

डा. आनन्द प्रसाद सुवेदी

परीक्षा व्यवस्थापन प्रमुख

परीक्षा व्यवस्थापन प्रमुख

Scanned with CamScanner